## बालविकास सहजकर्ताका लागि बुटक्याम्प कार्यक्रम सञ्चालन संहिता, २०८२

### १. परिचय

बालविकास सहजकर्तालाई कक्षा व्यवस्थापन, सिकाइ सामग्रीको पहिचान, सङ्कलन, निर्माण र प्रयोग, विकास तथा सिकाइ क्रियाकलाप सञ्चालनमा आवश्यक ज्ञान र सीप प्रदान गरी प्रारम्भिक बालविकास तथा शिक्षाका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न बालविकास सहजकर्तालाई स्वयम् उत्प्रेरित हुने गरी क्षमता विकासका लागि सघन तालिम प्रदान गर्न देशभरका बालविकास सहजकर्ताका लागि बुटक्याम्प सञ्चालन गर्न आ.व.२०८२/०८३ को विद्यालय शिक्षा क्षेत्र कार्यक्रम बजेट उपशीर्षक न. ३५००११०१, क्रियाकलाप न. २.७.१३.१५९४ मा बजेट व्यवस्थापन भएको हुँदा उक्त बुटक्याम्प कार्यक्रम सञ्चालन प्रभावकारी र व्यवस्थित बनाउन वाञ्छनीय भएकाले यो सञ्चालन **संहिता, २०८२** निर्माण गरिएको छ।

### २. उद्देश्य

प्रारम्भिक बाल विकास तथा शिक्षाको सिकाइ प्रक्रियालाई गुणस्तरीय बनाउन बाल विकास सहजकर्ताको क्षमता विकास गर्नका लागि सञ्चालन गरिने बुटक्याम्पलाई व्यवस्थित र प्रभावकारी बनाउनु यसको प्रमुख उद्देश्य रहेको छ। यसका अन्य उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) बाल विकास सहजकर्तालाई कक्षा व्यवस्थापन, सिकाइ वातावरण र सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्ने क्षमता विकास गर्नु,

(ख) स्थानीय सिकाइ सामग्रीको पहिचान, निर्माण, प्रयोग र संरक्षणमा बाल विकास सहजकर्तालाई सहयोग पुऱ्याउनु,

(ग) बाल विकास सहजकर्तालाई प्रारम्भिक बाल विकाससँग सम्बन्धित नयाँ अवधारणासँग परिचित र कामप्रति उत्प्रेरणा जगाउनु,

(घ) प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सहजकर्तालाई उत्प्रेरित गर्नु,

## ३. तालिमका विषयवस्तु

बुटक्याम्प तालिमका लागि प्रारम्भिक बालविकास शिक्षाको तालिम पाठ्यक्रममा निर्धारित विषयवस्तुका अतिरिक्त योग, व्यायाम ,ध्यान, सररफाइ, नैतिक मूल्य र आहारविहार जस्ता विषयवस्तु समावेश हुने छन् । **शिक्षक पेशागत विकास तालिम पाठ्यक्रम**वमोजिम दैनिक ४.५ घण्टाका अतिरिक्त बिहान र बेलुका गरी जम्मा ४ घण्टा अन्य क्रियाकलाप सञ्चालन गरिने छ । तालिम केन्द्रले दैनिक ८.५ घण्टाको कार्यतालिका तयार पारी कार्यान्वयन गर्नुपर्ने छ। तालिमका विषयवस्तुसम्बन्धी अन्य व्यवस्था सम्बन्धित अन्य निकायको समन्वयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण भए बमोजिम हुने छ ।

## ४. सामग्रीसम्बन्धी व्यवस्था

(१) बुटक्याम्प सञ्चालनका लागि आवश्यक पर्ने तालिम सामग्रीका रूपमा शिक्षक पेसागत विकास प्रारूप, २०८० बमोजिम विकास भएका तालिम प्याकेज प्रयोग गरी तालिम केन्द्रमा आधारित आवासीय तालिम सञ्चालन गरिने छ ।

(२) तालिम केन्द्रमा आधारित तालिममा सहभागी भइसकेपछि विद्यालयमा आधारित परियोजना कार्य सम्पन्न गर्ने सहभागीलाई सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणीकरण गरी प्रमाणपत्र प्रदान गरिने छ तर तालिम केन्द्रमा आधारित तालिममा मात्र सहभागी सहजकर्तालाई सहभागिताको मात्र प्रमाणपत्र प्रदान गरिने छ ।

(३) शिक्षक पेसागत विकास तालिमको दैनिक कार्यतालिकामा उल्लिखित नियमित सत्रका अतिरिक्त दफा ४ बमोजिमको समितिको सिफारिसमा केन्द्रबाट निर्धारण भएबमोजिम योग, व्यायाम, ध्यान, सरसफाइ, नैतिक मूल्य र आहारविहार जस्ता विषय समावेश गरी कार्यतालिका निर्माण गरी बुटक्याम्प सञ्चालन गरिने छ ।

## ५. प्रशिक्षकको सूचीकरण र प्रशिक्षण सञ्चालन

देहाय वमोजिमका विज्ञहरूलाई प्रशिक्षकको रूपमा प्रयोग गरिने छ ।

(क) शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी प्रारम्भिक बालविकाससम्बन्धी प्रशिक्षक प्रशिक्षण लिएको

(ख) शिक्षा तालिम केन्द्रका प्रशिक्षक

(ग) प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी केन्द्रसँगको समन्वयमा सञ्चालित तालिम

प्राप्त र यससम्बन्धी कम्तीमा दुई वर्षको अनुभव प्राप्त व्यक्ति

(घ) उत्प्रेरणात्मक कार्यक्रम तथा अन्य विषयको हकमा केन्द्रले निर्धारण गरेबमोजिमका प्रशिक्षक योग, ध्यान, सङ्गीत, कला र अन्य सिर्जनशील क्षेत्रमा प्रशिक्षकका रूपमा अनुभव भएका व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्न सकिने गरी कक्षा सञ्चालन गर्न सकिने छ ।

**६. केन्द्रीय स्तरको प्रशिक्षक प्रशिक्षण सञ्चालन**

प्रशिक्षक प्रशिक्षणका लागि आवश्यक प्रशिक्षकको व्यवस्था शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्ने छ।

**७. <u>सहभागी छनोटसम्बन्धी व्यवस्था:</u>**

(१) बुटक्याम्पमा सहभागी हुनेहरूको सूची शिक्षा विकास तथा समन्वय एकाइले स्थानीय तहसँग समन्वय गरी तयार गर्ने छ।

(२) सहभागी छनोट गर्दा देहायका वियषलाई ध्यान दिनुपर्ने छ:

(क) प्रमाणीकरण तालिम नलिएका

(ख) बुटक्याम्पमा बसी पूरा अवधि तालिम लिन इच्छुक र प्रतिबद्ध

(ग) सहभागी छनोट गर्दा सम्भव भएसम्म सबै भूगोलको प्रतिनिधित्व हुने गरी छनोट गर्नुपर्ने छ ।

**८. <u>बुटक्याम्प सञ्चालन</u>**

(क) बुटक्याम्पका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रदेशगत कोटा निर्धारण गरी तालिम केन्द्रलाई अख्तियारी प्रदान गर्ने छ ।

(घ) बुटक्याम्प सञ्चालन गरिने स्थान, सञ्चालन हुने समूह, समय तालिका र मिति तालिम केन्द्रले तोकेबमोजिम हुने छ।

(ङ) एउटा समूहको बुटक्याम्पमा कम्तीमा २० जनादेखि बढीमा २५ जनासम्म समावेश गर्न सकिने छ।

(च) बुटक्याम्प सञ्चालनको स्थल सम्बन्धित तालिम केन्द्रले आफैं र प्रदेशभित्रका इकाइसँगको समन्वयमा जिल्लास्तरमा समेत गर्नेगरी तय गरिने छ।

(छ) एकाइमार्फत बुटक्याम्प सञ्चालन गरिएको अवस्थामा केन्द्र तथा सम्बन्धित तालिम केन्द्रबाट आवश्यक सहजीकरण, अनुगमन र प्राविधिक सहायता उपलब्ध गराइने छ।

(ज) बुटक्याम्प सञ्चालन गर्दा सहभागी, प्रशिक्षक र सहभागीको मूल्याङ्कन लगायतका विवरण बुटक्याम्प सञ्चालन कार्य सम्पन्न भएको १५ दिनभित्र केन्द्रमा पठाउनुपर्ने छ।

९. **प्रशिक्षणको प्रमाणीकरण**: बुटक्याम्पको सहभागीले लिएको तालिमको सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणीकरण गरिने छ।

**१०. विभिन्न निकायको भूमिका**

बुटक्याम्प सञ्चालनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्वीकृत बजेटको परिधिभित्र रही सम्बन्धित प्रदेश तालिम केन्द्रलाई कोटा तथा अख्तियारी प्रदान गर्न मन्त्रालयसँग समन्वय गर्ने छ । यसका अलवा बुटक्याम्पको कार्यान्वयनका लागि प्रदेश तह तथा जिल्लास्तरका अन्य निकाय तथा शिक्षा विकास तथा समन्वय इकाइसँग समन्वय र सहजीकरण गर्ने साथै प्रशिक्षक उपलब्ध गराउने कार्यसमेत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्ने छ । केन्द्रले कार्यक्रम कार्यान्वयनका लागि इच्छुक गैरसरकारी संस्था तथा निकायसँग समन्वय गरी कार्यान्वयनमा सहजीकरणसमेत गर्न सक्ने छ ।

प्रदेश तालिम केन्द्रहरूले निर्धारित आधारमा प्रशिक्षक छनोट र तालिम स्थल छनोट गरी कार्यक्रम सञ्चालन गर्ने, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने, तालिम प्राप्त बालविकास सहजकर्ताको अभिलेख राख्ने र प्रमाणीकरण गर्ने र कार्यक्रमसँग सम्बन्धित रही शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको समयमा अभिलेख तथा विवरण उपलब्ध गराउने (अनसूची-१ को ढाँचामा तालिम प्रतिवेदन तयार गरी प्रदेश र केन्द्रमा पठाउने) व्यवस्था मिलाउने छ ।

शिक्षा विकास तथा समन्वय इकाइहरूले प्रदेश तालिम केन्द्र र स्थानीय तहबिच आवश्यक समन्वय गर्नुपर्ने छ ।त्यसैगरी स्थानीय तहहरूले आ-आफ्नो तहभित्र रहेका विद्यालयबाट बुटक्याम्पमा सहभागी हुने सहजकर्ताहरू छनोट गर्ने, तालिम प्राप्त गरेका बालविकास सहजकर्ताको ज्ञान सीप कार्यस्थलमा लागु गर्ने वातावरण मिलाउने र सोको नियमित अनुगमन गर्ने गराउने र तालिममा सहभागी बालविकास सहजकर्ता तथा प्रशिक्षकको अभिलेख राख्ने, राख्न लगाउने कार्य गर्ने छन् ।

विद्यालयहरूले बालविकास सहजकर्तालाई तालिमका लागि नाम सिफारिस गरी पठाउने, तालिममा प्रशिक्षकका रूपमा आमन्त्रित शिक्षक तथा सहभागीलाई पठाउने प्रबन्ध गर्ने, तालिम प्राप्त बालविकास सहजकर्तालाई तालिममा सिकेका ज्ञान तथा सिप कार्यस्थलमा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने र निजको शिक्षण सिकाइको निरन्तर अनुगमन गरी अभिलेख राख्ने र स्थानीय तह, एकाइ तथा प्रदेशबाट समय समयमा माग भएका विवरण उपलब्ध गराउने कार्य गर्ने छन् ।

**११. सहभागीको आचार संहिता:** तालिम कार्यक्रममा सहभागी हुन जाने बालविकास सहजकर्ताले पालना गर्नुपर्ने आचार संहिता देहायबमोजिम रहेका छन्:

(क) सहभागीले तालिम स्थलमा प्रशिक्षक तथा सहभागीसमेत मिलेर तयार भएका आचारसंहिता पूर्ण रूपमा पालना गर्नुपर्ने छ ।

(ख) तालिमको सञ्चालन हुनु एक दिनपूर्व सम्बन्धित तालिम केन्द्र वा इकाइमा सम्पर्क गर्नुपर्ने छ ।

(ग) तालिमको अविधि नसकिएसम्म निरन्तर उपस्थित हुनुपर्ने छ ।

(घ) आवासीय तालिम पूरै समय तोकिएको आवासमा रहने गरी व्यवस्था मिलाउनुपर्ने छ ।

(ङ) तालिममा गरेको प्रतिबद्धताअनुरूप तालिम सम्पन्न भएपछि आफ्नो विद्यालयमा गई शिक्षण सिकाइमा संलग्न हुनुपर्ने छ ।

(च) तालिममा सिकेका ज्ञान तथा सिपलाई कार्यस्थलमा कार्यान्वयनमा ल्याउनुपर्ने छ ।

(छ) आफू तालिममा सहभागी हुन नसक्ने अवस्था भए तालिम सञ्चालन पूर्व नै सोको जानकारी सम्बन्धित कार्यालयलाई गराउनुपर्ने छ ।

**१३ .अभिलेख राख्ने** : प्रशिक्षक, सहभागी, सहजकर्ता, तालिम सञ्चालनको अभिलेख केन्द्रको बाल विकास हेर्ने शाखाले राख्ने छ।

**१४. साझेदारी गर्न सकिने:** बुटक्याम्प सञ्चालनमा सहयोग गर्न चाहने इच्छुक गैरसरकारी सङ्घसंस्थाले तालिमको व्यवस्थापकीय तथा प्राविधिक पक्षसँग सम्बन्धित रही साझेदारी गर्न सकिने छ।

**१५. सेवा सुविधा सम्बन्धमा:**बुटक्याम्पमा प्रशिक्षण गर्ने प्रशिक्षक तथा सहभागी हुन आएका बालविकास सहजकर्तालाई प्रचलित नम्सबमोजिम पाउने सेवा सुविधा उपलब्ध गराइने छ।

**१६. अन्य व्यवस्था**

प्रदेश तालिम केन्द्रहरूले तालिम सञ्चालनका क्रममा प्रति सहभागी अख्तियारी प्राप्त गरेको रकमको परिधिभित्र रही स्वीकृत नर्मसका आधारमा खर्च गर्न सक्ने छन् ।

## अनुसूची - १

## बुटक्याम्प सम्पन्न भएको प्रतिवेदनको ढाँचा

| क्र.स. | सहभागीको नाम थर | ठेगाना | सहजकर्ताको शैक्षिक योग्यता | विद्यालय/बाल विकास केन्द्रको नाम | नियुक्ति मिति | तालिममा सहभागी अवधि | | फोन न. | प्र.अ. को नाम र फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | | |
| | | | | | | | | | | |

कार्यालयको छाप कार्यालय प्रमुखको नाम, थर हस्ताक्षर

मिति